(सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम -३ बमोजिम सार्वजनिक गरिएको)

आर्थिक वर्ष २०८३/०८४ प्रथम त्रैमासिक अवधिमा (श्रावण देखी असोज महिनासम्म) सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

घरेलु तथा साना उद्योग कार्यालय,

बर्दिया

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
गुलरिया, बर्दिया

१. कार्यालयको ऐतिहासिक पृष्ठभुमिः

घरेलु तथा साना उद्योगहरुको स्थापना र उद्योगहरुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने र औद्योगिक लगानीको वातावरणलाई बढी सुबिधाजनक बनाउने नितिलाई कार्यान्वयन गर्न नेपाल सरकार उद्योग मन्त्रालय अन्तर्गत वि.सं. २०३० सालमा घरेलु तथा साना उद्योग बिभागको गठन भएको हो । वि.स.१९९६ मा स्थापित घरेलु तथा ईलाम अचार अड्डाको परिवर्तित तथा परिमार्जित रुप नै घरेलु तथा साना उद्योग विभाग हो। यस विभाग अन्तर्गत साविक ७५ जिल्लामै घरेलु तथा साना उद्योग शाखा कार्यालय रहेकोमा वि.सं.२०४९ सालाम संगठन संरचनामा भएको समायोजन पछी २७ जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय र ४८ जिल्लामा घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरु रहेका थिए। संघिय शासन प्रणालीमा प्रवेश गरे संगै लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटै जिल्लाका कार्यालय तथा समितिहरु लुम्बिनी प्रदेश अन्तर्गत उद्योग बन तथा वातावरण मन्त्रालय (हाल आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय), उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मातहत रही उद्योग तथा बाणिज्य प्रशासन सम्बन्धी कार्यहरु (दर्ता, नविकरण, नामसारी, नाम परिवर्तन, ठाउँसारी, पूँजी बृद्धि, उद्देश्य थप घट, खारेजी लगायतका कार्यहरु) तथा विभिन्न सिपमूलक तालिम अन्तर्गत उद्यमशिलता विकास तालिम सीप विकास तालिम उत्कृष्ट उद्यमी छनौट तथा उद्यमी एक्पोजर भिजिट र अन्य विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ।

बाणिज्य प्रशासन तर्फ स्थानिय ब्यापार सम्बन्धी सम्पुर्ण कार्य जिम्मेवारी प्रदेश सरकार अन्तर्गतको निकाय अन्तर्गत रहने गरी स्थानिय ब्यापार सम्बन्धी सम्पुर्ण बाणिज्य प्रशासनका कार्यहरु गर्दै आईरहेको छ। जिल्लास्थित रहेका उद्योग तथा बाणिज्य फर्महरुको कार्यालयको तर्फबाट एकल तथा सँयुक्त (अन्तरसम्बन्धित निकायका प्रतिनिधीसमेतको सहभागितामा) निरन्तर बजार अनुगमन गर्ने र उद्यमी/उद्योगको प्रवर्द्धनको लागी विभिन्न स्थानिय तहहरुमा सञ्चालन हुने मेला महोत्सवमा आवश्यक सहयोग तथा सहजिकरण लगायतका कार्यहरु समेत गर्दै आईरहेको छ।

२. कार्यालयको उद्देश्य र कार्यक्षेत्रः

बर्दिया जिल्लामा उद्योग तथा ब्यवसायहरुको विकास विस्तार एवम् प्रवर्द्धनमा सहयोग पु-याउन प्रवर्द्धनात्मक कार्यहरु सञ्चालन गर्ने सहजिकरण गर्ने, महिला दलित आर्थिक रुपले विपन्न वर्ग आदिवासी जनजाती थारु मधेसी मुस्लीम तथा बेरोजगार ब्यक्तिहरुलाई मागमा आधारित र उद्यमशिल बनी जिविकोपार्जनमा टेवा पु-याउने खालका सिपमूलक तालिमहरु सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गरी स्वरोजगार एवं स्वाभलम्भी बनाउनु उद्यमशिल सोचको विकास गर्नु औद्योगिक जनशक्ती तयार गर्नु उद्योग तथा ब्यापारको नियमनको लागी उद्योग र बाणिज्य प्रशासन सम्बन्धी कार्य र निरन्तर अनुगमन गरी फर्महरुको नियमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन मार्फत स्वस्थ सर्वसुलभ



तथा प्रतिस्पर्धात्मक बजार निर्माणमा सहयोग पु-याउन यस कार्यलयको मुख्य उद्देश्य रहेको छ।

३. कार्यायलको कार्यविवरण:

- घरेलु तथा साना उद्योग तथा स्थानीय व्यापार दर्ता, नविकरण, पुँजी बृद्धि, नामसारी, नाम परिवर्तन, ठाउँसारी, उद्देश्य थप घट, खारेजी लगायत सो सम्बन्धी अन्य कार्यहरु गर्ने,
- EXIM CODE सिफारिस गर्ने,
- प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्य गर्ने,
- उद्योगी/व्यवसायीहरुलाई आवश्यक तालिम तथा प्रबिधि हस्तान्तरण गर्ने,
- एकल तथा सँयुक्त बजार अनुगमन गरी उपभोक्ता मैत्री बजार व्यवस्थापनमा सहजिकरण गर्ने,
- उपभोक्ता हित र सोको संरक्षण सम्बन्धी सचेतना प्रदान गर्ने,
- घरेलु तथा साना उद्योग र स्थानीय व्यापारको तथ्याङ्क अद्यावधिक गर्ने,
- मागमा आधारित विभिन्न सिपमूलक तालिम सञ्चालन गरी उद्यमशिल बनाउने,
- उद्योगको सुबिधा सिफारिस सम्बन्धी कार्य गर्ने,
- मेला महोत्सवमा उद्यमीहरुलाई सहभागी गराउने कार्य गर्ने,
- दैनिक प्रशासनिक कार्यहरु तथा तालुक निकायबाट प्रत्यायोजित अन्य सम्पुर्ण सेवाहरु।

४. ऐन नियम निर्देशिकाको सूची:


- सूचनाको हक सम्बन्धी ऐन, २०६४ नियमावली २०६५,
- बाणिज्य कार्यविधि दिग्दर्शन,२०७०
- उद्योग कार्यविधि दिग्दर्शन, २०७२
- प्राईभेट फर्म दर्ता ऐन, २०७६
- प्राईभेट फर्म दर्ता नियमावली, २०७६
- साझेदारी फर्म दर्ता ऐन, २०७६
- साझेदारी फर्म दर्ता नियमावली, २०७६
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- लुम्बिनी प्रदेश औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन, २०८१।



५. कार्यालयको संगठन संरचना र दरबन्दी विवरणः

क. संगठन सरचना

घरेलु तथा साना उद्योग कार्यालय बर्दियाको संगठन संरचना





ख. कार्यरत कर्मचारीको विवरण:

क.सं.	कार्यरत कर्मचारीको नाम थर	पद	श्रेणी/तह
1.	पुरुषोत्तम पौडेल	उद्योग अधिकृत	अधिकृत आठौं
2.	सुशिल कुमार चौरसिया	बरिष्ठ अधिकृत (लेखा)	अधिकृतस्तर सातौं
3.	जिवराज ढकाल	वरिष्ठ प्रशासन सहायक	सहायक पाचौं
4.	डोल नाथ अधिकारी	सहायक कम्प्युटर अपरेटर	सहायक चौथो
5.	खिमा मगर	उद्यम विकास सहजकर्ता	सहायक चौथो
6.	पशुपति घिमिरे	का.स.	श्रेणी बिहिन
7.	दुर्गा प्रसाद चौधरी	का.स.	श्रेणी बिहिन
8.	चन्द्रबिर थारु	का.स.	श्रेणी बिहिन

६. कार्यालयबाट प्रदान गरिने सेवाहरु:

(क) उद्योग र बाणिज्य (स्थानीय ब्यापार) प्राईभेट/साझेदारी/प्रा.ली. फर्म दर्ता

- सम्बन्धित व्यक्तिको सक्कलै नागरिकताको प्रमाणपत्र सोको प्रतिलिपी र दुई प्रति फोटो,
- भाडा तिर्नु नपर्ने एकाघर परिवारको घर/जग्गा भए सहमति पत्र/ मञ्जुरीनामा,
- साझदारी फर्मको हकमा साझदारहरुको कबोलियतनामा,

वाणिज्य (स्थानीय ब्यापार)को हकमा थप:-

- फर्म रहने घर/जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी वा अन्य निस्सा,
- घरजग्गा धनिसँग कम्तिमा ५ वषको भाडा सम्झौता पत्र,
- ब्यापारको प्रकृति र आवश्यकताका आधारमा सम्बन्धित निकायको सिफारिस र सरजमिन मुचुल्का,

उद्योगको हकमा थप:-

- सम्बन्धित वडाको सिफारिस पत्र र सर्जमिन मुचुल्का (उद्योगको प्रकृति हेरी),
- उद्योग/ फर्म रहने स्थानको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी,
- घरजग्गा धनिसंग कम्तिमा ५ वर्षको भाडा सम्झौता पत्र,
- जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- परियोजनाको विवरण संलग्न गरेको फारम/ब्यवसायको स्कीम,
- उद्योगको प्रकृति अनुसार सम्बन्धीत कार्यालयको सहमती पत्र वा अन्य आवश्यक पर्ने भएमा सम्बन्धित निकायको सिफारिस पत्र,
- प्रारम्भिक वातावरण परिक्षण गर्नुपर्ने उद्योगको हकमा सोही अनुसारको स्वीकृत पत्र,
- प्रा.ली. कम्पनीको हकमा कम्पनी दर्ता प्रमाण पत्र, प्रबन्ध पत्र, नियमावली, मु.अ.कर/स्थायी लेखा नं. को प्रतिलिपी, सञ्चालकहरुको नागरिकताको प्रतिलिपी, शेयर लगत, कम्पनी अद्यावधिक लगायत आवश्यक कागजातहरु।



(ख) उद्योग नवीकरण (आवश्यक कागजातहरु)

- उद्योग दर्ता प्रमाण पत्र
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता
- पचास लाख भन्दा बढी पूँजी भएको प्राईभेट फर्मको हकमा लेखा परिक्षण प्रतिवेदन

(ग) पुँजी बृद्धि क्षमता बृद्धि र उद्देश्य परिवर्तन

- उद्योगको हकमा संशोधन फारम र पुँजीबृद्धि गर्नाका कारण सहित निवेदन
- संशोधित स्किम
- IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संशोधन IEE/EIA स्वीकृत भएको प्रतिवेदन

(घ) उद्योगको ठाउँसारी (आवश्यक कागजातहरु)


- ठाउँसारी गर्नुपर्ने कारण सहितको निवेदन र (ख) फारम
- IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संशोधन IEE/EIA स्वीकृत भएको प्रतिवेदन
- अन्य निकायको सिफारिस वा स्वीकृती लिनु पर्ने भए सो समेत

ङ. उद्योगको नामसारी (आवश्यक कागाजातहरु)

- नामसारी गर्नुपर्नाको मनासिव कारण खुलेको निवेदन र उद्योगको हकमा (ख) फारम समेत,
- उद्योग दर्ता प्रमाण पत्र,
- सम्बन्धीत आन्तरिक राजश्व कार्यालयको सकारात्मक प्रतिकृया सनाखत सहितको हक छोडपत्र,
- नामसारी गरी लिनेको नागरिकताको प्रमाण पत्र ।

७. सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधीः

क्र.सं.	पूँजी लगानी	दर्ता दस्तुर	नविकरण शुल्क (दर्ता शुल्कको २०%)	कैफियत
१	५ लाख सम्म	१०००।००	२००।००	स्थानीय तहले दर्ता गर्ने
२	१० लाख सम्म	५०००।००	१०००।००	स्थानीय तहले दर्ता गर्ने
३	२० लाख सम्म	५०००।००	१०००।००	
४	५० लाख सम्म	१५०००।००	३०००।००	
५	५० लाख भन्दा माथी	२५०००।००	५०००।००	



- निबेदन दस्तुर रु १००।
- पूँजी अनुसारको दर्ता दस्तुरको २०% ले हुन आउने रकम,
- म्याद समाप्त भएको ६ महिनासम्म दर्ता दस्तुरको २०%,
- त्यस पछिको १ वर्षसम्म दर्ता दस्तुरको ५०%,
- त्यस पछिको २ वर्षसम्म दर्ता दस्तुरको १००%,
- साझेदारी फर्म/उद्योगको हकमा दर्ता दस्तुरको १०% ले हुन आउने रकम

८ कार्यालय प्रमूख सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी

कार्यायल प्रमूख	पुरुषोत्तम पौडेल	९८५८०४०१०६
गुनासो सुन्ने अधिकारी	पुरुषोत्तम पौडेल	९८५८०४०१०६
सूचना अधिकारी	सुशिल कुमार चौरसिया	९८५८०२४१०६

९सम्पादन भएका मुख्य मुख्य कामको विवरण (असार देखी असोजमसान्तसम्म)

(क) फर्मको दर्ता नविकरण लगतकट्टा र संशोधन विवरणः

क्र.सं.	विवरण	उद्योग	बाणिज्य	जम्मा	कैफियत
१	दर्ता	८७	११६	२०३	
२	नवीकरण	४८२	५४०	१०३२	
३	लगत कट्टा (खारेजी)	५३	४७	१००	
४	संशोधन	२१८	२५०	४६८	

(ख) राजश्व विवरणः

(ग) पूँ

क्र.सं.	विवरण	उद्योग	बाणिज्य	जम्मा	कैफियत
१	राजश्व	९२५९१५	१८०८३५०	२७३४२६५	



(ग) पूँजी लगानीः

क्र.सं.	विवरण	उद्योग	बाणिज्य	जम्मा	कैफियत
१	पूँजी लगानी	१८५४०००००	२०७१५००००	३९२५५००००	

(घ) उद्यमी तथा रोजगारी श्रृजना

क्र.सं.	विवरण	महिला	पुरुष	जम्मा	कैफियत
१	उद्यमी	४१	४७	८८	
२	रोजगारी	८७	१२९	२१६	

(ङ) . <u>बजार अनुगमन</u>

- श्रावण महीनामा - ३ वटा
- भाद्र महिनामा - ५ वटा
- असोज महिनामा - २ वटा



समाप्त